# ॥ श्रीमद्भगवद्गीता शुद्ध उच्चारण मार्गदर्शिका - स्तर 2 ॥

## वर्णस्थान र उनको उच्चारण -

- संस्कृत भाषामा वर्णको उच्चारणहरु को स्थान अतिनै विचारपूर्वक निश्चित गरिएको छ। कुनै पनि वर्णको उच्चारणको लागि मुखको विशिष्ट स्थानहरुको उपयोग गरिन्छ । जस्तै कण्ठ, तालु, मुर्धा इत्यादि। जून स्थानबाट वर्णको उच्चारण गरिन्छ, त्यहि स्थानको नामबाट त्यो वर्णको पहिचान हुन्छ, जस्तै कण्ठबाट उच्चारित हुनाले 'क' वर्गको प्रत्येक वर्णलाई 'कण्ठय' भनिन्छ। यी वर्ण र उनको स्थान निम्न चित्रमा दिइएको छ।
- स्', 'श्' र 'ष्' मा क्रमशः 'दन्त्य', 'तालव्य' र 'मूर्धन्य' वर्ण छ। यिनीहरुको उच्चारण यिनको वर्गको जस्तै गरिन्छ।
**# ध्यान राख्नुस जून वर्णको स्थान हो त्यहि स्थानको उपयोग गरेर उच्चारण गर्दा सही उच्चारण हुन्छ।**

- **अकुहविसर्जनीयानां कण्ठः**
**कण्ठ** – अ, आ, क् वर्ग, ह्, विसर्ग(ः)
- **इचुयशानां तालु**
**तालु** – इ, ई, च् वर्ग, य्, श्
- **ऋटुरषाणां मूर्धा**
**मूर्धा** – ऋ, ॠ, ट् वर्ग, र्, ष्
- **लृतुलसानां दन्ताः**
**दन्त** – लृ, त् वर्ग, ल्, स्
- **उपूपध्मानीयानामोष्ठौ**
**ओष्ठ** – उ, ऊ, प् वर्ग, उपध्मानीय प*, फ*
- **ऐदैतोः कण्ठतालु**
**कण्ठ-तालु** – ए, ऐ
- **ओदौतोः कण्ठोष्ठम्**
**कण्ठ-ओष्ठ** – ओ, औ
- **ञमङणनानां नासिका च**
**मुख-नासिका** – ङ्, ञ्, ण्, न्, म्
- **वकारस्य दन्तोष्ठम्**
**दन्त-ओष्ठ** – व्
- **जिह्वामूलीयस्य जिह्वामूलम्**
**जिह्वामूल** – जिह्वामूलीय क*, ख*
- **नासिकाऽनुस्वारस्य**
**नासिका** – अनुस्वार(ं)





*गीता परिवारका साहित्यलाई कुनै पनि प्रकारबाट अन्य संस्था अथवा अन्य स्थानमा उपयोग/प्रकाशित गर्नलाई पूर्वअनुमति लिन आवश्यक छ । अनुमति लिनको लागि पूर्ण प्रयोजन सहित हामीलाई **consent@learngeeta.com** मा ईमेल गर्नु होला ।*

## अवग्रह –

- अवग्रह **'S'** एउटा चिन्ह मात्र हो। जसले लुप्त भएको 'अकार (अ)' लाई सुचित गर्छ। यसको स्वतंत्र रूपमा कुनै उच्चारण हुदैन। अवग्रह नित्य 'ए', 'औ' वा 'आ' स्वरको पछि मात्र आउँछ।

## श्रीमद्भगवद्गीतामा प्रयुक्त छन्द -

- छन्दहरुका प्रकार संस्कृत भाषामा धेरै छन् तथापि श्रीमद्भगवद्गीतामा मात्र दुई प्रकारका छन्द उपयोग भएको पाइन्छ 1) अनुष्टुप 2) त्रिष्टुप अनुष्टुपमा जम्मा 32 अक्षर हुन्छ, प्रत्येक चरणमा 8 अक्षर हुन्छन्। त्रिष्टुपमा 44 अक्षर हुन्छन्। प्रत्येक चरणमा 11 अक्षर हुन्छन्। यी 8 र 11 अक्षर पछि प्रत्येक चरणमा रोकिनुलाई छन्दः शास्त्रमा **'यति'** भनिन्छ।

  **# ध्यान रहोस की सम्पूर्ण गीतामा पाँच स्थानमा अपवादस्वरूप (11/1, 2/6, 2/21, 8/10, 15/3 ) कुनै चरणमा निहित गरेको अर्थात् तोकिएको अक्षर भन्दा एउटा अक्षर कम या धेरै पाइन्छ।**

## हळ् सकार (स) बाट आरम्भ भएको शब्द को उच्चारण विषयको नियम

कुनै शब्दको आरम्भ यदि हल **'स्'** (स्वर रहित ) बाट हुँदैछ भने याद राख्नुहोस् त्यस भन्दा पहिला कुनै पनि स्वरको उच्चारण नगर्ने। प्रायः **'स्थान'** को ठाँउमा मानिसहरु **'इस्थान'** भनिदिन्छन् यो उचित होइन।

## आघात को नियम को शेष विस्तार

- 'द्' र 'य' को संयोग 'द्य' हुन्छ तथा 'द्', 'ध्' र 'य' यी तीनै व्यञ्जनहरु को संयोग 'द्ध्य' हुन्छ। प्रथम संयोग मा दुईटा व्यञ्जन छ तथा दोस्रो संयोग मा तीन व्यञ्जन छ। दुईटै संयोगलाई संयुक्त वर्ण नै भनिन्छ।
- आघातको नियममा हामी संयुक्त वर्णको प्रथम वर्णलाई द्वित्व गरेर पढ्छौ। यस द्वित्वको प्रक्रियामा द्वित्व गरेपछि यदि त्यो वर्ण वर्गको दोस्रो वर्ण छ भने द्वित्व गरेको वर्णको पहिलो वर्ण त्यस वर्गको प्रथम वर्णमा परिवर्तित हुन्छ र यदि त्यो चौथो वर्ण छ भने तेश्रो वर्णमा परिवर्तित हुन्छ। यदि संयुक्त वर्णको प्रथम वर्ण आफ्नो वर्गको प्रथम वा तृतीय वर्ण छ भने त्यो जस्ताको त्यस्तै रहन्छ। त्यसमा त्यहि वर्णको द्वित्व हुन्छ। उदारहण–

  - अक्षर = अ क् षर > अ क् क् षर = अक्क्षर
  - व्याख्या = व्या ख् या > व्या ख् ख् या > व्या क् ख् या = व्याक्ख्या
  - विद्धि = वि द् धि > वि द् द् धि = विद्द्धि
  - युध्यति = यु ध् यति > यु ध् ध् यति > यु द् ध् यति = युद्ध्यति

  - केहि स्थानमा स्तरको पश्चात संयुक्त वर्ण भएता पनि अपवाद नियमको कारणले आघात दिइएको छैन। जस्तै एउटै वर्ण दुई पल्ट आयो भने, तीन व्यञ्जन सयुंक्त छ भने, रफार (माथि र्) या ह कार आयो भने, जून ठाँउमा आघातको चिन्ह छैन भने त्यहा आघात नलगाई अभ्यास गर्नु होला।

**# ध्यान राख्नु होला संयुक्त वर्णमा प्रथम वर्ण वर्गहरुको आरम्भिक चार वर्ण को अतिरिक्त भयो भने संयुक्त वर्णको प्रथम वर्णको नै द्वित्व हुन्छ।**


*गीता परिवारका साहित्यलाई कुनै पनि प्रकारबाट अन्य संस्था अथवा अन्य स्थानमा उपयोग/प्रकाशित गर्नलाई पूर्वअनुमति लिन आवश्यक छ । अनुमति लिनको लागि पूर्ण प्रयोजन सहित हामीलाई* ***consent@learngeeta.com*** *मा ईमेल गर्नु होला ।*

# सन्धि-नियम

दुई वर्ण एकै साथ आयो भने सन्धि हुन्छ। यदि एकै साथ आउने वर्ण स्वर हो भने स्वर सन्धि, कुनै एउटा व्यञ्जन छ भने व्यञ्जन सन्धि , अनुस्वारको स्थानमा यदि परिवर्तन आयो भने अनुस्वार सन्धि , विसर्गको स्थानमा परिवर्तन भयो भने विसर्ग सन्धि भनिन्छ। सन्धि हुँदा एक साथ आउने वर्णमा कुनै एउटा वा कुनै बेला दुबै वर्णमा परिवर्तन हुन्छ। त्यो परिवर्तन के हो ? कसरी हुन्छ, हामी ति नियमलाई अब विस्तार पूर्वक बुझौ।

## विसर्ग सन्धि

विसर्ग सन्धि विसर्गको पूर्व र पश्चात विद्यमान वर्णहरूको आधारमा हुन्छ, अतः विसर्गको विषय जतिपनि परिवर्तन हुन्छ त्यसमा पूर्व र उत्तरवर्ती वर्णहरूको महत्वपूर्ण भूमिका हुन्छ।

1. यदि विसर्गको पूर्ण वर्ण **'अ'** छ र उत्तरवर्ती वर्ण **'अ'** या कुनै **मृदु वर्ण** (ग, घ, ज, झ, ड, ढ, द, ध, ब, भ, य, र, ल,व, ह) सबै अनुनासिक छ भने विसर्ग र त्यसको पूर्व वर्णमा परिवर्तन भएर दुईटैको स्थान मा **'ओ'** हुन जान्छ ।

**# ध्यान राख्नुहोस् विसर्गको उत्तरवर्ती वर्ण 'अ' छ भने विसर्ग र त्यसको पूर्व वर्ती अकारको स्थानमा 'ओकार' गरेपछि त्यस उत्तरवर्ती अकार 'अवग्रह' (S) मा परिवर्तन हुन्छ। अर्थात अकार लुप्त हुन्छ र त्यसको स्थानमा अवग्रह आउँछ।**

| पूर्ववर्ण | विसर्ग | उत्तरवर्ण | विसर्ग को परिवर्तित रूप | उदाहरण |
|---|---|---|---|---|
| अ | : | अ/मृदुव्यञ्जन | ओ/ओऽ | **दर्पः+अभिमानश्च = दर्पोऽभिमानश्च** (16/4)<br>**चेत्सुदुराचारः+भजते = चेत्सुदुराचारो भजते**(9/30) |

2. यदि विसर्गको पूर्वमा **'अ'** स्वर छ र उत्तरमा अकार अतिरिक्त **कुनै पनि स्वर** छ भने त्यो **विसर्गको लोप** हुन जान्छ।

**# ध्यान राख्नुहोस् यो नियम अव्ययहरुको विषयमा काम लाग्दैन। यसको लागि 5 नं. नियम हेर्नु होला।**

| पूर्ववर्ण | विसर्ग | उत्तरवर्ण | विसर्ग को परिवर्तित रूप | उदाहरण |
|---|---|---|---|---|
| अ | : | अकारभिन्न स्वर | लोप | **मनः+आधत्स्व = मन आधत्स्व** (12/8) |

3. यदि विसर्गको पूर्वमा **'आ'** स्वर छ र उत्तरमा **कुनै पनि स्वर** अथवा **मृदु व्यञ्जन** छ भने त्यो विसर्गको लोप हुन जान्छ। (परम्परामा यस नियमले गरेको विसर्गको लोप यदि यति को स्थानमा आउँछ भने उसको उच्चारण गरिन्छ।)

**# ध्यान राख्नुहोस माथि निर्दिष्ट गरेको दुईटै नियमबाट भएको विसर्गको लोप पछि अवशिस्ट स्वरहरुको कुनै पनि सन्धि हुँदैन।**

| पूर्ववर्ण | विसर्ग | उत्तरवर्ण | विसर्ग को परिवर्तित रूप | उदाहरण |
|---|---|---|---|---|
| आ | : | कुनै पनि स्वर /मृदुव्यञ्जन | लोप | **माययापहृतज्ञानाः+आसुरम् = माययापहृतज्ञाना आसुरम्**(7/15) |


*गीता परिवारका साहित्यलाई कुनै पनि प्रकारबाट अन्य संस्था अथवा अन्य स्थानमा उपयोग/प्रकाशित गर्नलाई पूर्वअनुमति लिन आवश्यक छ । अनुमति लिनको लागि पूर्ण प्रयोजन सहित हामीलाई **consent@learngeeta.com** मा ईमेल गर्नु होला ।*

4. यदि विसर्गको पूर्वमा **'अ'** र **'आ'** व्यतिरिक्त स्वर छ र उत्तरमा **कुनै पनि स्वर** आउंछ भने वा कुनै पनि **मृदु व्यञ्जन** छ भने त्यो विसर्ग **'र्'** मा परिवर्तन हुन्छ। यसरी आएको विसर्ग त्यसको उत्तरवर्ती स्वरमा मिल्छ र यदि व्यञ्जन छ भने त्यस व्यंजनको माथि रेफ को मात्रा देखिन्छ।

| **पूर्ववर्ण** | **विसर्ग** | **उत्तरवर्ण** | **विसर्ग को परिवर्तित रूप** | **उदाहरण** |
|---|---|---|---|---|
| 'अ'/'आ' व्यतिरिक्त स्वर | : | कुनै पनि स्वर /मृदुव्यञ्जन | र् | **दुः + निरीक्ष्यम् = दुर्निरीक्ष्यम्** (11/17) |

5. **अव्ययमा स्तिथ** विसर्गको पूर्वमा **कुनै पनि स्वर** भए र त्यसको पश्चात **कुनै पनि स्वर** अथवा **रेफ भिन्न मृदु वर्ण** आउँछ भने विसर्ग को **'र्'** नै बन्छ।

| **पूर्ववर्ण** | **विसर्ग** | **उत्तरवर्ण** | **विसर्ग को परिवर्तित रूप** | **उदाहरण** |
|---|---|---|---|---|
| कुनै पनि स्वर | : | कुनै पनि स्वर /मृदुव्यञ्जन | र् | **पुनः + जन्म = पुनर्जन्म** (8/16) |

6. विसर्गको पूर्वमा **कुनै पनि स्वर** र उत्तरमा **'च्'** अथवा **'छ'** वर्ण आउँछ भने विसर्ग **'श्'** मा परिवर्तन हुन्छ। **'ट्'** या **'ठ्'** वर्ण आयोभने **'ष्'** मा र **'त्'** अथवा **'थ्'** वर्ण आयो भने **'स्'** मा परिवर्तित हुन्छ।

| **पूर्ववर्ण** | **विसर्ग** | **उत्तरवर्ण** | **विसर्ग को परिवर्तित रूप** | **उदाहरण** |
|---|---|---|---|---|
| कुनै पनि स्वर | : | च् / छ् | श् | **योगिनः + चैनम् = योगिनश्चैनम्** (15/11) |
| | | ट् / ठ् | ष् | **धनुः + टङ्कार = धनुष्टङ्कार** |
| | | त् / थ् | स् | **हन्युः + तन्मे = हन्युस्तन्मे** (1/46) |

7. यदि विसर्गको पछि **'क्'** अथवा **'ख्'** वर्ण आउँछ भने त्यस विसर्गको उच्चारण **'ख्'** जस्तो हुन्छ।

# **ध्यानदिनुहोस उच्चारण 'ख्' जस्तो गर्ने 'ख' होइन।**

| **पूर्ववर्ण** | **विसर्ग** | **उत्तरवर्ण** | **विसर्ग को परिवर्तित रूप** | **उदाहरण** |
|---|---|---|---|---|
| कुनै पनि स्वर | : | क् / ख् | ख् को ध्वनि | **मैत्रः + करुण - मैत्रः(ख्) करुण** (12/13) |

8. यदि विसर्गको पछि **'प्'** अथवा **'फ्'** वर्ण आउँछ भने त्यस विसर्गको उच्चारण **'फ्'** जस्तो हुन्छ।

**# ध्यानदिनुहोस 'फ्' जस्तो उच्चारण गर्ने 'फ' होइन।**

| **पूर्ववर्ण** | **विसर्ग** | **उत्तरवर्ण** | **विसर्ग का परिवर्तित रूप** | **उदाहरण** |
|---|---|---|---|---|
| कुनै पनि स्वर | : | प् / फ् | फ् को ध्वनि | **ततः + पदम् = ततः(फ्) पदम्** (15/4) |


*गीता परिवारका साहित्यलाई कुनै पनि प्रकारबाट अन्य संस्था अथवा अन्य स्थानमा उपयोग/प्रकाशित गर्नलाई पूर्वअनुमति लिन आवश्यक छ। अनुमति लिनको लागि पूर्ण प्रयोजन सहित हामीलाई **consent@learngeeta.com** मा ईमेल गर्नु होला।*

|| इति ||


*गीता परिवारका साहित्यलाई कुनै पनि प्रकारबाट अन्य संस्था अथवा अन्य स्थानमा उपयोग/प्रकाशित गर्नलाई पूर्वअनुमति लिन आवश्यक छ ।*
*अनुमति लिनको लागि पूर्ण प्रयोजन सहित हामीलाई **consent@learngeeta.com** मा ईमेल गर्नु होला ।*